नेपाल सरकार
सङ्घीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
(LGCDP)
कार्यक्रम समन्वय इकाई

प. सं:- ०७५/७६
च. नं- २४८

सिंहदरवार, काठमाडौं
मिति २०७५/०८/२१

श्री स्थानीय तह, (सबै)

विषयः **सूचना प्रविधि अधिकृतको पारिश्रमिक सम्बन्धमा ।**

प्रस्तुत विषयमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP II-TSNGP) तर्फबाट गाउँपालिका तथा नगरपालिकामा कार्यरत सूचना प्रविधि अधिकृतहरूको पारिश्रमिक को ७५% रकम यस कार्यक्रमबाट व्ययभार हुने कुरा जानकारी नै छ । चालु आ. व. को पारिश्रमिक उपलब्ध गराउने सम्बन्धमा सूचना प्रविधि अधिकृत कार्यरत रहेका गाउँपालिका तथा नगरपालिकामा मात्र रकम उपलब्ध गराउने भनी निर्णय भएको एवं कतिपय गाउँपालिका तथा नगरपालिकाहरूले सूचना प्रविधि अधिकृतको करार सेवा हाल सम्म पनि नलिएको तथा कतिपय गाउँपालिका तथा नगरपालिकाले करार सेवा लिने प्रक्रिया शुरु गरेको जानकारी प्राप्त भएको छ ।

उपरोक्त सन्दर्भमा सूचना प्रविधि अधिकृतको सेवा करारमा लिएको जानकारीका आधारमा मात्र LMBIS प्रविष्टि गरिने भएकोले करार सेवा लिएको जानकारी मिति २०७५/०८/२५ भित्र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका प्रादेशिक सहयोग इकाईहरूमा अनिवार्य रूपमा गराई दिनु हुन अनुरोध छ । उक्त मिति भित्र करार सेवा लिएको जानकारी प्राप्त हुन नआएमा यस कार्यक्रमबाट बजेट उपलब्ध गराउन नसकिने व्यहोरा समेत अनुरोध छ ।

२०७५/०८/२१
भेषराज खनाल
प्रशासकीय अधिकृत

**बोधार्थः**

- श्री प्रादेशिक सहयोग इकाई (सबै):- जानकारी संकलन गरी पठाउनु हुन ।

फोनः ४२५७३८९, ४२५७३६३, ४२५७५९६, फ्याक्स नं.: ९७७-०१-४२५६२४८, वेब साईटः www.lgcdp.gov.np